# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।०१ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला हुम्ला, चंखेली गाउँपालिका वडा नं. ३ स्थित ब्याफु खानेपानी मर्मत योजनाका लागि आ.ब. २०७४।०७५ मा छुट्टाइएको रकम अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **चंखेली गाउँपालिकाका तत्कालीन अध्यक्ष धनलाल चौलागाई, प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर शाही, इन्जिनियर रुद्रबहादुर वली, लेखापाल धर्मवीर पल्ली मगर र सब-इन्जिनियर हर्कधन बुढाले** ब्याफु खानेपानी मर्मत योजनाको फिल्डमा नापी किताब बमोजिम काम नभए पनि काम भएको भनी नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ता सम्बन्धी झुट्टा बिल भरपाई तयार गर्ने, चेक गर्ने, प्रमाणित गर्ने र टिप्पणीमा सही गर्ने कार्य गरी आफूसमेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले वास्तविक रुपमा काम भएको भन्दा बढी रु.५,१५,१०८।९७ बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई रु.५,१५,१०८।९७ (पाँच लाख पन्ध्र हजार एक सय आठ रुपैयाँ सन्तानब्बे पैसा) बिगो कायम गरी भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन एवं बिगो असुलउपर हुनसमेत मागदाबी लिइएको छ।

**उपभोक्ता समितिका अध्यक्ष कालीबहादुर बुढा, सचिव रतन बुढा र कोषाध्यक्ष बिरकुल्ली बुढाले** फिल्डमा इष्टिमेट/नापी किताबभन्दा कम परिमाणको काम गरेको भन्ने जानकारी हुँदाहुँदै फिल्डमा वास्तविक रुपमा भएको भन्दा बढी काम भएको भनी नापी किताब, कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता सम्बन्धी बिलमा चढाउन लगाई बढी मूल्याङ्कन गरी रु.५,१५,१०८।९७ बढी भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई बिगो रु.५,१५,१०८।९७ (पाँच लाख पन्ध्र हजार एक सय आठ रुपैयाँ सन्तानब्बे) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिइएको छ।

**चंखेली गाउँपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष सालीग्राम ऐडीले** उक्त निर्माण कार्य सम्पन्न भई प्राविधिक अनुगमन मूल्यांकन भइसकेको भन्ने समेत व्यहोरा उल्लेख गरी भुक्तानीको लागि सिफारिस गरेको देखिँदा तत्कालीन वडा अध्यक्ष सालीग्राम ऐडीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे